जन्मकुण्डली वंशावलीको महत्वपूर्ण अङ्ग हो । त्यसकारण आफ्नो जन्म-कुण्डली समयमै बनाऔं । जन्म-कुण्डलीलाई च्यात्ने, फ्याँक्ने, मरेपछि जलाउने काम नगरौं ।
संयोजक
डा.बलराम उपाध्याय रेग्मी
मेची-महाकाली ज्योतिष जागरण अभियान नेपाल

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार
राष्ट्रिय साप्ताहिक जि.प्र.कास्की/मोरङ द.नं.:११५/२०५५ प.क्षे.हु.नि.द.नं.: १/२०६८

# ज्योतिष भविष्यवाणी

वर्ष १४ अङ्क ५२(क) २०६८ चैत्र ३० गते, बिहीबार 12, Apr. 2012 मूल्य रु. १०/-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ ।
प्रधान सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल ।
मोवाइल नं. ९८५६०२०९१४

## धर्म सभाको भेला सम्पन्न
## 'हिन्दू राष्ट्र पुन: कायम हुनुपर्छ'

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : राष्ट्रिय धर्म सभा नेपाल कास्की शाखाले पोखरामा आयोजना गरेको पश्चिमाञ्चल क्षेत्रीय भेला तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपालका संस्थापक राष्ट्रिय अध्यक्ष तथा कार्यक्रमका विशेष अतिथि प्रा.डा. माधव भट्टराईले हिन्दूहरूको राष्ट्रलाई धर्म निरपेक्षता घोषणा गर्नु गलत भएको बताउँदै दलहरूले सो




कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले राजनैतिक दलहरूले घोषणा गरेको धर्मनिरपेक्ष राष्ट्र फिर्ता गरी हिन्दू राष्ट्र पुन: कायम हुनुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रमको उद्घाटन गर्दै बालसन्त जगत गुरु मोहनशरण देवाचार्यले धर्म र संस्कृतिको नारालाई बोलीमामात्र सीमित नराखी व्यवहारमा ल्याउनु पर्ने बताउनुभयो । उहाँले बहुसङ्ख्य हिन्दूहरू भएको राष्ट्रमा धर्म निरपेक्ष राष्ट्र घोषणा गर्ने राजनैतिक दलहरूलाई पागलपनको संज्ञा दिनुभयो।

उहाँले निरपेक्ष र सापेक्षताको अर्थ राम्ररी बुझेर अघि बढ्न सम्पूर्णलाई आग्रह गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि देवाचार्यले धर्म र संस्कृति जोगाउन जरैदेखि लाग्नुपर्नेमा जोड दिँदै राष्ट्रिय धर्म र संस्कृति जोगाउन सके अन्तर्राष्ट्रिय जगत नेपालको माटो छुन करोडौं खर्च गरेर आउने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय धर्म सभा निर्णय फिर्ता गरी हिन्दू राष्ट्र पुन: कायम हुनुपर्ने बताउनुभयो।

राष्ट्रिय धर्म सभा देशको धर्म र संस्कृति जोगाउन उद्देश्यले स्थापना भएकोले यसमा सहयोग गर्न सम्पूर्णमा आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल ज्योतिष पत्रकार सङ्घका संस्थापक राष्ट्रिय अध्यक्ष तथा राष्ट्रिय धर्म सभाका केन्द्रीय सदस्य डा. बलराम उपाध्याय रेग्मीले अब बन्ने संविधानमा धर्म निरपेक्ष राष्ट्र होइन हिन्दूराष्ट्र उल्लेख गर्नका लागि आन्दोलन गर्नुपर्नेमा जोड दिनुभयो। धर्म बदल्न कुनै पनि हालतमा नहुने बताउँदै उहाँले बाहुनहरू सत्तामा बसेर देशलाई बरवाद बनाएको धारणा व्यक्त गर्नुभयो । उहाँले धर्मका लागि विद्यालयको तल्लातहदेखि नै लाग्नुपर्ने बताउँदै धर्म सभालाई अन्तर्राष्ट्रिय रुपमा नै विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । त्यस्तै सनातन धर्म सेवा समितिका कास्की अध्यक्ष रवीन्द्र माकाजुले राजनैतिक दलहरूले

बाँकी ४ पृष्ठमा...

## 'ज्योतिष पेशामा विकृति बढ्यो'

✍ हरि पन्त

**पोखरा** : नेपाल ज्योतिष परिषद् कास्कीको चौथो जिल्ला अधिवेशन एवम् ज्योतिषी सम्मेलनमा बोल्ने अधिकांश ज्योतिषीहरूले ज्योतिषमा निकै विकृति बढेको धारणा व्यक्त गरेका छन् ।

कार्यक्रममा बोल्दै ज्यो.बासुदेव खनालले नेपालका कुनै पनि ज्योतिषीहरूले सही काम नगरेकाले ज्योतिषमा विकृति बढेको धारणा व्यक्त गर्नुभयो । उहाँले आफूले ३५ बर्षदेखि ज्योतिषको कार्यमा तल्लीन भै सेवा गरेकोले आफूले सेवा गर्दा अधिकांश मानिसको जन्म-कुण्डलीमा सही समय किटान गरिएको नभेटिएको बताउँदै सही काम गरेमा ज्योतिषी गलत छैन । यसलाई सच्चाएर अघि नबढे ज्योतिष पेशा धरापमा पर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाली काङ्ग्रेस कास्कीका पूर्व सभापति शुक्रराज शर्माले ज्योतिष जस्तो महत्वपूर्ण र गहन विषयमा ठूलो अध्ययन अनुसन्धान गर्ने विज्ञ मानिसको अभाव भएको आशय व्यक्त गर्नुभयो । उहाँले वास्तविकतामा नपुगी भविष्यवाणी गर्नु विकृति बढ्नुका साथै ज्योतिष पेशामा नै चुनौति बढेको बताउँदै राम्रो अध्ययन अनुसन्धान गरी सही तरिकाले काम गर्न नसक्दा समाज र मानिसमा भ्रम सिर्जना गरेको बताउनुभयो ।

कार्यक्रममा बोल्दै पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले ज्योतिषको पेशामा चाहिँदा नचाहिँदा हल्ला फैलिन थालेकाले ज्योतिषीहरू सजक हुनुपर्ने बताउनुभयो ।

त्यस्तै परिषद्का केन्द्रीय उपाध्यक्ष ज्यो.दिनानाथ पण्डितले ज्योतिष शास्त्र झुट्टो भन्ने मानिसको भ्रम रहे तापनि विषय गहन भएकाले झुट्टो भन्न नमिल्ने बताउँदै ज्योतिष सम्बन्धी काम गर्न आधिकारिक प्रमाण-पत्रको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो। उहाँले परिषद्को उद्देश्य ज्योतिषी ज्योतिषीबीचको सम्बन्ध प्रगाढ बनाउने रहेको बताउनुभयो ।

त्यसैगरी संहिताचार्य अर्जुन बाँस्तोलाले ज्योतिषीले हचुवाको भरमा काम गर्नाले ज्योतिष पेशामा विकृति बढेकोले ज्योतिष पेशामा विज्ञ मानिसको अभाव रहेको बताउनुभयो ।

त्यस्तै ज्यो.डा.ऋषिराज लम्सालले ज्योतिषी आफैमा सम्मानित व्यक्तित्व भएकाले गलत काम गरी भ्रम सिर्जना गर्न नहुनेमा जोड दिनुभयो । त्यस्तै ज्यो.कल्याण पन्तले ज्योतिषको क्षेत्रमा विकृति बढेकाले ज्योतिषको क्षेत्र पछाडि परेको धारणा व्यक्त गर्नुभयो ।

उहाँले पछाडि परेको ज्योतिषको क्षेत्रलाई अघि बढाउन सम्पूर्ण ज्योतिषीहरू क्रियाशील भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । ज्योतिषीको मर्यादालाई तलमाथि पार्न नहुने बताउँदै ज्यो.पन्तले ज्योतिषीप्रति आस्था नभएका मानिसहरूलाई राम्ररी बुझाउन सके ज्योतिषको धारणा जगाउन सकिने बताउनुभयो ।

त्यस्तै सिद्धान्त ज्योतिषाचार्य घनश्याम सुवेदीले ज्योतिषको क्षेत्रमा विकृति बढेकाले यो क्षेत्र निकै पछि परिसकेकाले यसलाई अघि बढाउन ज्योतिषका उच्च व्यक्तित्व अघि सर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सिद्धान्त बिना फलित नटिक्ने र फलित बिना सिद्धान्त ज्योतिष प्रष्ट नहुने भएकाले यसलाई सजक भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

त्यसैगरी नेपाल ज्योतिष परिषद् गण्डकी अञ्चल अध्यक्ष ज्यो. नारायण बरालले ज्योतिषीले राम्ररी अनुसन्धान गर्न सकेन भने ज्योतिषी गलत हुने र समाजले पनि गलत तरिकाले बुझ्ने भएकाले सजग भएर काम गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै केन्द्रीय सदस्य हीरा कास्यप शास्त्रीले फलादेशमा कुनै समस्या नरहेकाले समस्या ज्योतिषीमा नै भएको धारणा व्यक्त गर्नुभयो । उहाँले अहिलेको राशिफलमा धेरै कमि-कमजोरी रहेकाले सच्याउनु पर्ने बताउनुभयो ।

त्यसैगरी केन्द्रीय सदस्य प्रेमकुमारी गुरुङले ज्योतिषमा जति व्यवधान आए पनि यसको

बाँकी ३ पेजमा...

## कास्कीमा पुन: कोइराला

नेपाल ज्योतिष परिषद् कास्कीको चौथो जिल्ला अधिवेशन एवम् ज्योतिषी सम्मेलनले आगामी ३ वर्षका लागि कास्कीको अध्यक्षमा पुन: जो.रामप्रसाद कोइरालालाई चयन गरेको छ । समितिको उपाध्यक्षहरूमा ज्यो.होमनाथ पोखरेल, ज्यो. खगेन्द्रप्रसाद घिमिरे, सचिवमा ज्यो.मोहराज ढकाल, सह-सचिवमा ज्यो. केदारप्रसाद लम्साल, कोषाध्यक्षमा ज्यो. बासुदेव सुवेदीलाई चयन गरेको छ । त्यस्तै सदस्यहरूमा ज्यो. बाबुराम सापकोटा, ज्यो. दिनेशकुमार परियार, ज्यो.पं. मुक्तिप्रसाद पराजुली, ज्यो. रामेश्वर अधिकारी, ज्यो. निर्मला गुरुङ, ज्यो. टेकनाथ भण्डारी, ज्यो. चन्द्रकुमारी कंडेल, ज्यो. दीपेश बराल, ज्यो. भुवानीप्रसाद बराल, ज्यो. गुप्तबहादुर परियार, ज्यो. चन्द्ररमण पराजुली रहनुभएको छ भने १ सदस्य पछि मनोनयन गरिने भएको छ । त्यस्तै केन्द्रीय पार्षदहरूमा ज्यो. मुक्तिप्रसाद पराजुली, ज्यो. दिनेशकुमार परियार, ज्यो. बासुदेव सुवेदी, ज्यो. केदारप्रसाद लम्साल, ज्यो. मोहराज ढकाल, ज्यो. परशुराम पराजुली, ज्यो.भीमप्रसाद कोइराला, ज्यो. ओमप्रसाद पौडेल, ज्यो. दिनेश बराल, ज्यो. भुवानीप्रसाद बराल रहनुभएको छ ।

## प्रत्यारोपण खेलकुद हुने

✍ज्योतिष भविष्यवाणी

**पोखरा** : मानव अङ्ग सचेतना अभियानको क्रमलाई निरन्तरता दिँदै आरोग्य प्रतिष्ठान काठमाडौं र डायलोसिस सहयोग समिति पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको संयुक्त आयोजनामा तेस्रो नेपाल प्रत्यारोपण खेलकुद २०६९ वैशाख १ गते पोखराको रङ्गशालामा हुँदैछ ।

अङ्गदान मार्फत जीवनदानलाई प्रोत्साहित गर्ने र यस विषयमा व्यापक जनचेतना जागृत गराउने सन्दर्भमा आरोग्य प्रतिष्ठान काठमाडौंले मानव अङ्ग सचेतना अभियान अन्तर्गत २०६७ सालदेखि नेपाल प्रत्यारोपण खेलकुदको आयोजना गर्दै आएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा पनि प्रत्यारोपण खेलकुद हुँदै आएको छ।

खेलकुद प्रतियोगितामा अङ्ग प्रत्यारोपीहरूका लागि दौड, सटपुट, ज्याभलिन थ्रो, लङ्जम्प प्रतियोगिता राखिएको छ । साथै अङ्ग प्रत्यारोपित र अङ्गदाता तथा प्रत्यारोपण गराउने चिकित्सक, नर्स, पत्रकार, कलाकारहरू सम्मिलित दुई टोलीबीच मैत्रीपूर्ण फुटवल खेल आयोजना गरिएको छ । मैत्रीपूर्ण फुटबल खेलमा

बाँकी ३ पृष्ठमा...

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू

होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
The Most Specious Hotel In Pokhara
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
E-mail : fprince_pkr@wlink.com

### *ज्योतिष वाणी - जन्मकुण्डलीको महत्व*

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ॥
जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ,
जस्तो कि अँध्यारोमा रहेको बस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ ।

## सम्पादकीय...

# ज्योतिष विश्वविद्यालय आजको आवश्यकता

'ज्योतिष सबैको आँखा हो'-प्रा.डा. माधव भट्टराई । ज्योतिष र धर्म एक अर्कामा अभिन्न रुपमा गाँसिएका छन् । धर्मलाई ज्योतिषले निर्देश गर्दै आएको छ भने ज्योतिष अदालतको फैसलाको कार्यान्वयन पक्ष धर्म हो । समग्र सृष्टिको पहिलो कृति वेदको नेत्र ज्योतिषलाई भनिएको छ । सम्पूर्ण पृथ्वीलाई काल गणनारुपि शिक्षा ज्योतिषले विभाजन गरेको छ । हाम्रा जन्मदेखि मृत्युसम्मका धार्मिक कार्य कुन तिथि, बार, नक्षत्र, पक्षमा गर्न हुने अथवा नहुने मुद्दाको फैसला ज्योतिष विज्ञानको आधारमा गरिन्छ । धर्म विना ज्योतिष शिक्षा सफल हुन सक्दैन । ज्योतिष शिक्षा बिना धर्मको परिकल्पना पनि गर्न सकिंदैन । काल विज्ञान अथवा समय सूचक विज्ञान ज्योतिषको खटनमा सूर्य प्रत्येक दिन उदाउँछन् अस्ताउँछन् । काल विज्ञान ज्योतिषकै गति अनुसार चन्द्रमाको उदय अस्त हुन्छ । चन्द्रमाको आकार पनि बढ्दै र घट्दै जान्छ । धार्मिक समाजका सम्पूर्ण गतिविधिलाई पञ्चाङ्ग अथवा पात्रोले निर्देशित गरिरहेका हुन्छन् । पञ्चाङ्गकारको पात्रोलाई आम जनता समक्ष पुऱ्याउने फलित ज्योतिषी हुन् । नेपालको ज्योतिष शिक्षा परम्परा अझै पनि बाबु छोरा, बाबु छोरी भन्दा परकालाई दिने रहेको छैन । यो कुराको बलियो प्रमाण हो हामी फलित ज्योतिषीले मेची-महाकाली ज्योतिष जागरण अभियान सञ्चालन गरी दशौं हजार फलित ज्योतिषी तैयार गर्दा पनि नेपालका गणित ज्योतिषी अर्थात पञ्चाङ्गकारले आँफू समेत दर्जनको सङ्ख्या नाघ्न नघाउँन सकेका छैनन् । नेपालमा प्रत्येक वर्ष दशदेखि १२ जनाले पञ्चाङ्ग प्रकाशन गर्दछन् । मेची-महाकाली सम्म ७५ जिल्लालाई ७५ जना पञ्चाङ्गकार अनिवार्य आवश्यक छ । तर नेपालका पञ्चाङ्गकारले संयोगले आफ्ना पूर्वजसँग पाएको पञ्चाङ्ग गणनाको ज्ञान अरु कसैलाई पनि दिन चाँहदैनन् । तर ज्योतिषको क्षेत्रमा व्यापक विकृति आएको छ भन्न पछि पर्दैनन् । कसैले उत्पादन गरिदिएका तालिमप्राप्त ज्योतिषीलाई सङ्गठन गरी जिल्ला शाखा खोल्दै हिंड्छन् तर समाजले पत्याउने गरी कुनै पञ्चाङ्ग गणनाको तालिम दिएको र प्रकाशन गरि देखाउन सकेको अवस्था छैन । नेपाल अधिराज्यमा अभ्यासरत करिब पच्चीस हजार ज्योतिषीमध्ये ज्ञान प्रदान गरेर गरि खाने बनाएको पर्वतको पाङ खुर्कोट वासी ज्योतिषीले हो । झुक्किएर नेपाल बाहिरबाट कसैले ज्योतिष पढेर आएका छन् भने त्यसमा भारतको महत्वपूर्ण योगदान छ । संस्कृत क्याम्पसमा ज्योतिष पढाउने ज्योतिषाचार्य भारतले तैयार गरी पठाए पनि पेशा गरी खान सक्ने ज्योतिषी उत्पादन गर्ने गाउँ हो पर्वत जिल्लाको पाङ खुर्कोट । आज जे जति ज्योतिषी ज्योतिष सम्बन्धी सङ्घसंस्था खोलेर सङ्गठन विस्तारमा लागेका छन् मित्रता फैलिएको छ तर ज्योतिष शिक्षाको वास्तविक विस्तार शून्य प्राय: रहेको छ ।

यसै अवस्थालाई मनन गरी हामीले मेची-महाकाली ज्योतिष जागरण अभियानको सञ्चालन गऱ्यौं । देशमा दशौं हजार आधारभूत ज्योतिषको काम गर्न सक्ने ज्योतिषीको उत्पादन हामीले गरिसकेका छौं । ज्योतिष बी.ए., एम.ए. पढ्ने छात्रको स्रोतको कमि छैन । ज्योतिष विश्वविद्यालय खोल्दा दक्ष जनशक्तिको अभाव छ कि ? भन्ने सन्दर्भमा सर्वप्रथम ज्योतिष विश्वविद्यालयको केन्द्रीय विभाग खोल्दा हामीलाई चाहिने चार जना ज्योतिषाचार्य पी.एच.डी. हो । एम.ए. ज्योतिषको प्रथम द्वितीय वर्षको दुई वर्षको डिग्री पूरा गरेपछि आफ्नै विश्वविद्यालयका उत्पादनले ज्योतिष विश्वविद्यालयको वौद्धिक र शैक्षिक पक्षले सजिलै हाँक्न सक्नेछ । जुनसुकै विषयको स्नातक उत्तीर्णलाई ज्योतिष एम.ए.मा हामी भर्ना लिने छौं । ज्योतिष एम.ए. पढ्ने छात्र-छात्राको अनिवार्य योग्यता संस्कृत भाषा हुनु आवश्यक छैन । संस्कृत र अन्य भाषामध्ये अङ्ग्रेजीको आधारभूत ज्ञान जानेमा सुनमा सुगन्ध । संस्कृत बाहेक अन्य विषयका विद्यार्थीलाई ज्योतिषको डिग्री कक्षामा छिर्नै दिनुहुन्न भन्ने नेपाली ज्योतिष विद्वानको अनुमान गलत सावित भैसकेको छ । भारतका २१ वटा विश्वविद्यालयले ज्योतिष बी.ए.,एम.ए., डिग्री सञ्चालन गर्दै आएको कम्तिमा ६ वर्ष भैसकेको छ । आखिर ज्योतिष एम.ए.पढ्नेलाई भोलि हामीले जागीर दिनैपर्ने पनि होइन । ज्योतिष शिक्षामा सफल व्यक्ति प्राय: जागीर खान मन पार्दैनन् । दैनिक हजारौं नेपाली युवा युवती बेरोजगारीको कारण देश बाहिर जाँदैछन् भने कम्तिमा ती एस.एल.सी.माथिका शिक्षित बेरोजगारलाई ज्योतिष शिक्षा प्रदान गरी देशभित्रै स्वरोजगारमा लगाउन सकिन्छ । तर नेपालका राजनेताको बुद्धि यता गएको छैन । ज्योतिषका विद्वानले ज्योतिष सिकाए आफ्नै ग्राहक खोस्ने शत्रू उत्पादनको रुपमा लिंदा जो कसैले ज्योतिष शिक्षा पढ्न पाएको अवस्था छैन । प्रा.वि. देखि मा.वि.सम्म नि:शुल्क शिक्षाको व्यवस्था गर्ने, पुस्तकउपलव्ध गराउने सरकारले हामीलाई सोही व्यवस्था गर्न सकोस् स्वदेशी शिक्षित बेरोजगार विदेशिनेक्रम तत्काल रोकिनेछ । जन्म-कुण्डली बनाएर ज्योतिष परामर्श सेवा दिने अनुशासित ज्योतिषीको दैनिक कमाई न्यूनतम् एक हजारदेखि दैनिक एकलाख हुने गर्दछ । जसले ज्योतिष उपचारमा औंठीधारणको सुझाव दिइरहेका छन् उनीहरूको दैनिक कमाई पाँच लाख पनि हुने गरेको छ कारण बहुमूल्य सक्कली एउटै औंठीको मूल्य लाखभन्दा ज्यादा पर्ने पनि छन् । आज पञ्चाङ्गकार आफ्नो पेशा गरिरहेका छन् अरुलाई पञ्चाङ्गकार बनाउनु छैन । केही ज्योतिषका संस्था सङ्गठन विस्तारमा छन् तर दरो ज्योतिष प्रशिक्षण चलाएर तिनलाई प्रतियोगितात्मक रुपमा खरो उत्रन सक्ने बनाएको छैन । हामी ज्योतिष लगातार सिकाइरहेका छौं । केही वर्ष धन कमाई आत्मनिर्भर भैसकेपछि आफ्नै बा हजुरबा मावली कहाँका बासँग ज्योतिष पढेको अथवा बनारस गै पढेर आएको भनि ज्योतिषीहरू झुटको खेती गरिरहेका छन् । ज्योतिष शिक्षा सबैलाई चाहिएको छ तर आँफूलाईमात्र अरुलाई दिन होइन । जुनसुकै जातजातिलाई ज्योतिष सिकाउने परम्परा शून्य थियो हामीले थालनी गऱ्यौं । अब देशलाई ज्योतिष विश्वविद्यालयको अनिवार्य आवश्यकता रहेको छ । प्रा.वि., मा.वि., उच्च मा.वि.स्तरको उत्पादन होइन विश्वविद्यालयबाट ज्योतिष एम.ए. ज्योतिष शास्त्री, ज्योतिष आचार्य गरेको व्यक्तिको सेवा समाजलाई आवश्यक छ । ज्योतिष पढ्न जोसुकैले पाउनुपर्छ । जुनसुकै विषयका व्यक्तिले पाउनुपर्छ । ज्योतिष शिक्षाको ज्ञान उदारतापूर्वक दिने व्यक्ति होइन अब विश्वविद्यालय नै हुनुपर्छ यो हाम्रो मान्यता हो । संस्कृत शिक्षा जुनसुकै जातलाई सिकाउनु हुन्न भन्दा आज संस्कृत भाषा नै लोप हुने अवस्थामा आएको छ । ज्योतिष पनि जो सुकैलाई सिकाउन हुन्न भन्दाको परिणाम समाजले ज्योतिषप्रति विश्वास गर्न छाड्यो । बेला अझै छ नेपालमा ज्योतिष विश्वविद्यालय स्थापना गरी अगाडि बढ्न सके व्यक्ति तथा गुरु शिष्य परम्परामा अड्केको ज्योतिष सबैमाझ पुग्ने थियो । यसप्रति सबैको मन जाओस् हार्दिक अपेक्षासहित नववर्ष २०६९ को हार्दिक मंगलमय शुभकामना !

# भविष्यवाणी भेटवार्ता

## "ज्योतिष विश्वविद्यालयका लागि दक्ष जनशक्ति हुनुपर्छ"


प्रा.डा. माधव भट्टराई

**परिचय :** मध्यम वर्गीय किसान र समाजसेवी परिवारमा पिता स्व.कृष्णप्रसाद भट्टराई, श्रीमती स्व.सावित्रीदेवी भट्टराईका सात छोरामध्ये जेष्ठ सुपुत्रका रूपमा वि.सं.२००९ साल फाल्गुन २१ गते आइतबारका दिन लामिडाँडा-८, खोटाङ जिल्लामा जन्मनुभएका प्रा.डा.माधव भट्टराई नेपाल पञ्चाङ्ग निर्णायक समिति र राष्ट्रिय धर्म सभा नेपालका अध्यक्ष हुनुहुन्छ । उहाँले वि.सं.२०५६ सालबाट प्राध्यापन पेशाबाट अवकास लिइसक्नुभएको छ । हाल उहाँ हिन्दूराष्ट्र नेपाल फर्काउने अभियानमा हुनुहुन्छ । सानै उमेरमा घरमा सामान्य अध्ययन गरी आफ्नो ८ वर्षको उमेरमा स्थानीय प्रा.वि.खोटाङ्बाट शुरु गरी कक्षा आठसम्म षडानन्द संस्कृत विद्यालय दिङ्ला हुँदै ज्ञानकुप संस्कृत विद्यालय जनकपुरबाट वि.सं.२०२२ सालमा द्वितीय श्रेणीमा पूर्वमध्यमा तथा एस.एल.सी. एकैसाथ उत्तिर्ण हुनुभएको थियो । उहाँले पूर्वमध्यमा पश्चात् महोत्तरीको मटिहानी संस्कृत विद्यालयबाट उत्तरमध्यमा, राजकीय संस्कृत विद्यालय(हाल बाल्मिकी क्याम्पस) काठमाडौंबाट शास्त्री पूरा गरी त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट साहित्याचार्य तथा एम.ए. नेपाली प्रथम श्रेणीमा प्रथम भै उत्तीर्ण गर्नुभएको थियो । उत्तरमध्यमादेखि साहित्याचार्यसम्म लगातार प्रथम श्रेणीमा नेपाल प्रथम हुनुभएका उहाँले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट वि.सं.२०४३ सालमा संस्कृत विषय अन्तर्गत 'नेपालका संस्कृत महाकाव्यहरूको विवेचना' शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । सानै उमेरदेखि पढाइमा तिक्ष्ण वुद्धि भएका, शिक्षण पेशालाई अत्यन्तै मन पराउनु हुने प्रा.डा.भट्टराईले महेन्द्र विद्याभूषण(२), गोर्खा दक्षिणबाहु, राष्ट्रिय शिक्षा दिवश पुरस्कार, पाणिनि पुरस्कार, जयतु संस्कृत पुरस्कार, मानार्थ ज्योतिष विद्यावारिधि, ज्योतिष गुरु सम्मान (कलकत्ता), उपत्यकाव्यापी साहित्य सम्मेलनमा स्वर्णपदक तथा पुरस्कार, भारत माता जस्ता पुरस्कारबाट पुरस्कृत भैसक्नु भएको छ । समाजसेवामा अत्यन्त चाँसो राख्नुहुने प्रा.डा.भट्टराई नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष, राष्ट्रिय धर्म सभा नेपालका अध्यक्ष, अन्तर्राष्ट्रिय ब्राम्हण सङ्गठन नेपाल च्याप्टरका अध्यक्ष, काठमाडौं शिक्षा क्याम्पस महाविद्यालय व्यवस्थापन समितिका अध्यक्ष, बाल्मिकी क्याम्पसका पूर्व प्राचार्य, पशुपति क्षेत्र विकास समितिका सल्लाहकार, नेपाल सरकारका नायब बडा गुरुज्यू लगायत अन्य सङ्घ-संस्थामा आबद्ध हुनुहन्छ । उहाँले सत्यसाई चरित्रम् संस्कृत महाकाव्य, ब्राम्हण सहस्रनामस्त्रोत्रम् कृति प्रकाशित गर्नुका साथै ६ वटा सम्पादन कृति, ६ वटा अनुवाद पुस्तक, १ दर्जन पत्रपत्रिका सम्पादन गरिसक्नु भएको छ । प्रस्तुत छ ज्योतिष भविष्यवाणी(साप्ताहिक)ले उहाँसँग भेटवार्ताको क्रममा गरेको कुराकानीको अंश:

ज्यो.भ.- प्रा.डा.भट्टराईज्यू, तपाईंलाई हाम्रो ज्योतिष भविष्यवाणी साप्ताहिकमा हार्दिक स्वागत छ ।

प्रा.डा.भट्टराई - हजुर, धन्यवाद !

ज्यो.भ.- यतिधेरै पढ्न कसरी सम्भव भयो ? यतिधेरै पढ्छु भन्ने सोचाई कहिलेबाट आयो ?

प्रा.डा.भट्टराई - म सानै उमेरदेखि पढाइमा अलिबढी क्रियाशील हुन्थे । प्रवेशिका उत्तिर्ण भएपछि आचार्य, एम.ए.गर्ने लक्ष्य थियो । पढ्ने भगवानको प्रेरणा हो । सबैभन्दा बढी हजुरबुबा केदारनाथ उपाध्यायबाट प्रेरणा पाएँ ।

ज्यो.भ.- पढ्दा कस्तो सङ्घर्ष गर्नुभयो ? सङ्घर्ष भनेको के हो ?

प्रा.डा.भट्टराई- पढ्दा खासै सङ्घर्ष गरिन । एक ठाउँमा स्थिर भएर पढिएन । पढ्दा प्रकृतिले नै साथ दिएको थियो । जहाँ गएर पढे पनि माया गर्थे, साथीहरूले राम्रो दृष्टिले हेर्थे । जीवनलाई हरेक कोणबाट अगाडि बढाउन गरिने कार्य सङ्घर्ष हो । चुनौतिको सामना गर्नु सङ्घर्ष हो ।

ज्यो.भ.- प्राध्यापन पेशामा आउनुको कारण ?

प्रा.डा.भट्टराई- मलाई शिक्षण पेशा पहिलेदेखि नै मन पर्ने गर्दथ्यो । यसमा लगाव पनि अत्यन्तै रह्यो । शिक्षण, साहित्य, भ्रमण र पढ्नमा बढी दर्शन मन पर्ने भएकाले प्राध्यापन पेशामा आएको हुँ । यो पेशामा नआएको भए कुनै धार्मिक क्षेत्रमा लाग्ने थिएँ वा समाज सेवा गर्ने थिएँ ।

ज्यो.भ.- अहिलेको शिक्षा नीति कस्तो लाग्छ ?

प्रा.डा.भट्टराई - अत्यन्तै गलत छ । शिक्षा नीति राष्ट्र विरोधी, धर्म विरोधी छ । यो रहेसम्म नेपालमा सकारात्मक सोचाई आउन सक्दैन । यसले न कला, न संस्कृति जोगाउन सक्छ, न कसैको मर्म बुझ्न सक्छ । यो पढेर कुनै पनि नागरिकले राष्ट्रमा बसेर काम गर्न सक्दैन । नेपालको शिक्षा पढेर नेपाल कै वयान गर्न सकिदैन । बुद्ध र जनकको उपदेश कसैले पढेका छैनन् । यो शिक्षा नीतिले नेपालको कुनै हित गर्दैन । म उच्चस्तरीय शिक्षा आयोगको सदस्य हुँदा यो शिक्षा नीतिको निकै विरोध गरेको थिएँ ।

ज्यो.भ.- सुधार गर्न के गर्नुपर्ला त ?

प्रा.डा.भट्टराई - नेपालको शिक्षा नीति चरित्र निर्माण गर्ने खालको हुनुपर्छ । शिक्षामा राष्ट्रिय चिन्तन हुनुपर्छ ।

ज्यो.भ.- शिक्षा व्यापारीकरण भएको छ नि ?

प्रा.डा.भट्टराई - शिक्षाको मूलधार व्यापारमा परिणत भएको छ । शिक्षाले ३ खालको नागरिक उत्पादन गरेको छ । गरिबका लागि सरकारी स्कूल, भ्रष्टचारीका लागि बोर्डिङ स्कूल र अन्य उच्च वर्गका लागि विदेश जाने खालका नागरिक उत्पादन गरेको छ ।

ज्यो.भ. - यो रोक्न के गर्नु पर्ला ?

बाँकी ५ पेजमा...

# कृति परिचर्चा तथा कविता वाचन

ज्योतिष भविष्यवाणी

**पोखरा** : मनुमञ्जिलको ल्याम्पपोष्टबाट खसेको जुन नामक काव्यकृतिको परिचर्चा कार्यक्रम शनिबार सम्पन्न भएको छ । नेपाली लेखक सङ्घ कास्कीको आयोजनामा सम्पन्न परिचर्चा तथा एकल कविता वाचन कार्यक्रममा बोल्नुहुँदै कवि श्यामललले कवितामा आतिथ्यपूर्ण भूमिका दिन नसके कवितासे पूर्णता नपाउने भएकाले कवितामा सम्पूर्ण जिन्दगी प्रष्टसँग झल्कनुपर्ने बताउनुभयो ।

कार्यक्रममा मनुमञ्जिलद्वारा लिखित काव्यकृतिको परिचर्चा गर्नुहुँदै कार्यक्रमका सभापति तथा नेपाली लेखक सङ्घ कास्कीका अध्यक्ष डा.लक्ष्मीशरण अधिकारीले राम्रो र सिर्जनशील काव्यले पाठकलाई पढ्दा आनन्द दिने काव्य उपयुक्त हुने बताउनुभयो । उहाँले कवि मनुमञ्जिलको कवितामा सबैपक्षलाई ध्यान दिइएकाले कविताले सार्थकता पाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले मञ्जिलको कवितामा यथार्थिक सन्दर्भको सरल प्रयोग गरिएकाले राष्ट्रिय रुपमा परिचित भएको बताउनुभयो । कार्यक्रममा सङ्घका उपाध्यक्ष भानु कंडेल, सचिव शोभाकान्त गौतम, सदस्य रीता गुरुङ लगायतले मनुमञ्जिलको कवितामा सबैको मन छुने भाव समेटिएकाले सफल हुने विश्वास व्यक्त गर्नुभएको थियो । साथै सङ्घका सदस्य रीता गुरुङ र शरण आँसुलाई सोही अवसरमा सम्मान गरिएको थियो।

त्यसैगरी कवि मनुमञ्जिलले आफ्नो कृति ल्याम्पपोष्टबाट खसेको जुनबाट विरोधाभासको शीर्षक कविता ल्याम्पपोष्ट, विरोधाभासको साम्राज्य, तिमी मेरो क्यान्भास, दुस्मन, गाउँले बालक सम्झेर, देश, सजाएँ, घोडा लगायत करिब एक दर्जन कविता वाचन गर्नुभएको थियो।

कविता वाचन गर्नुहुँदै मनुमञ्जिलले पोखरा विधाताको शहर भएको बताउँदै सुन्दर शहरले लेखकीय शक्ति प्रदान गर्ने बताउनुभयो । बिराटनगरमा रहेर साहित्यिक क्षेत्रमा क्रियाशील मनुमञ्जिलको आँधीको आवेग कविता सङ्ग्रह यसअघि नै बजारमा आइसकेको छ भने ल्याम्पपोष्टबाट खसेको जुन भर्खरमात्र बजारमा आएको हो । उहाँ सार्क युवा पुरस्कार सन् २०११ बाट पुरस्कृत भैसक्नुभएको छ । उहाँको सम्पादनमा साहित्यिक त्रैमासिक पत्रिका समेत प्रकाशन भैरहेको बताइएको छ । कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न कृति प्रकाशक संस्था फाइनप्रिन्ट आई.एन.सी. काठमाडौं प्रायोजक रहेको थियो।

# देवासुर सङ्ग्राम र करुणा उदासीको चर्चा

ज्योतिष भविष्यवाणी

**पोखरा** : र्‍याण्डम रिडर्स सोसाइटी अफ् नेपालले आफ्नो नियमित पुस्तक परिचर्चा एवम् स्रष्टा परिचय कार्यक्रमको १८औं शृङ्खला शनिबार पोखरामा सम्पन्न गरेको छ ।

कार्यक्रममा पुस्तक परिचर्चाअन्तर्गत प्रसिद्ध मार्क्सवादी लेखक मोदनाथ प्रश्रितको महाकाव्य 'देवासुर सङ्ग्राम'को परिचर्चा तथा स्रष्टा परिचयअन्तर्गत तनहुँकी स्रष्टा करुणा उदासीको परिचय प्रस्तुत गरिएको थियो ।

'देवासुर सङ्ग्राम'को परिचर्चा गर्दै समालोचक डा.यदुनन्दन उपाध्यायले सो कृति मूलत: हिन्दू धर्मसँग सम्बन्धित विषयस्रोतका माध्यमबाट द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विचार प्रस्तुतिका निम्ति गरिएको मौलिक परिकल्पनामा आधारित रहेको बताउनुभयो । काल्पनिक देवताका विरुद्ध जनतालाई सचेत गराउनुका साथै पञ्चायतकालमा प्रतिबन्धित सो महाकाव्यले नेपालमा वामपन्थी राजनीतिक उत्थानमा पनि योगदान गरेको र वस्तुवादी र वैज्ञानिक विचार ग्रहण गर्न प्रेरणा प्रदान गरेको उपाध्यायले चर्चा गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि बाम बुद्धिजीवि खगराज अधिकारीले र्‍याण्डमले गरेको कार्य नेपालमै उच्च कोटिको बौद्धिक बहस भएको भन्दै प्रशंसा गर्नुभयो। एक बाम नेताका रुपमा समेत चिनिनुहुने अधिकारीले जात, भूगोल, वा नामका आधारमा राज्यको अखण्डतामाथि आँच आउन नदिन प्रयास गरिरहने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । साहित्यकार करुणा उदासीको परिचय दिँदै युवा साहित्यकार तथा पत्रकार अमृत सुवेदी 'गुराँस'ले करुणा उदासीलाई प्रतीभा भएर पनि चर्चा बाहिर रहेकी नारी लेखकका रुपमा चिनाउनुभयो। उदासीका हालसम्म विभिन्न विधामा १२ वटा कृतिहरू प्रकाशित भइसकेर पनि जिल्लाभित्र समेत राम्ररी चिनिन नसक्नुलाई गुराँसले बिडम्बनाको संज्ञा दिनुभयो ।

सोसाइटीका अध्यक्ष राजेन्द्र चापागाई आहतको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख टिप्पणीकारका रुपमा समालोचक डा. विष्णु पौडेलले टिप्पणी गर्नुभएको थियो भने प्रा. डा.पशुपतिनाथ तिमल्सेना, डा. लक्ष्मीशरण अधिकारी, प्राज्ञ रमेश श्रेष्ठ, पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत तथा साहित्यकार तिलक पौडेल, महेन्द्र रिमाल, युवराज त्रिपाठी, दीपक पराजुली, नेपालप्रकाश अधिकारी, महेन्द्र कतिला, इन्द्रकला बराल, बाबुराम पन्त, गीता बिष्ट, गनेस पौडेललगायतले पनि टिप्पणी गर्नुभएको थियो।

यसैबीच, सोसाइटीको पहिलो साधारणसभा तथा अधिवेशन आगामी वैशाख ९ गते शनिबार बिहान ८ बजे चिप्लेढुङ्गास्थित क्याफे डि गार्डेनमा गर्ने निर्णय गरेको प्रचार-प्रसार संयोजक रुपिन्द्र प्रभावी कटुले जानकारी दिनुभयो ।

# नवौं मासिक रचना वाचन सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा विश्वविद्यालय साहित्य समाजको नवौं मासिक रचना वाचन तथा नव वर्ष २०६९ को शुभकामना आदन-प्रदान कार्यक्रम शुक्रबार केन्द्रीय क्याम्पस, खुदी लेखनाथमा सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै विशेष अतिथि मुक्तककार विष्णु अल्पविरामले साहित्यप्रति समाजमा सकारात्मक धारणा बन्दै गएको बताउनुभयो ।

त्यस्तै कार्यक्रमका अर्का अतिथि पोखरेली युवा साँस्कृतिक परिवारका सचिव प्रकाश ज्ञवालीले पोखरा विश्वविद्यालयका विद्यार्थीहरुको साहित्यप्रतिको सम्मानलाई प्रशंशा गर्नुभयो । पोखरेली हाँस्य कलाकार दुर्गाराज पाण्डेको विशेष हाँस्यकला प्रस्तुति भएको सो कार्यक्रममा एप्सका अध्यक्ष गोपाल कँडेल, पत्रकार सन्दिप पौडेल र पब्मासका अध्यक्ष विमल न्यौपानेले समेत बोल्नुभएको थियो। मासिक रचना वाचन श्रृङ्खलामा एकदेव बस्याल, मणि केटो, अपार बाबु, आभाष भाई, तृप्ती पोखरेल, गोपाल कँडेल, विमल न्यौपाने, राजकुमार चौधरी, रोशन तल्कोटे, कमल काफ्ले, विभोर कुमाल, दीपक लामिछाने, नवराज पौडेल, बालकुमारी पुन लगायतका स्रष्टाहरुले आफ्नो रचना वाचन गर्नुभएको थियो।

उक्त कार्यक्रम समाजका अध्यक्ष सुवास मल्लको अध्यक्षता, सचिव रविन्द्र आचार्यको सञ्चालन तथा सदस्य नेशन शर्माको स्वागतमा सम्पन्न भएको थियो।

# प्रत्यारोपण...

चर्चित कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले प्रतिस्पर्धी टोलीको नेतृत्व गर्नेछन् । यस्तो खेलकुदको आयोजनाबाट प्रत्यारोपित व्यक्ति र अङ्गदाताहरू अन्य स्वस्थ व्यक्ति सरह सक्रिय जीवन बिताउन सक्षम हुन्छन् भन्ने जानकारी गराउन तथा अङ्गदान र अङ्ग प्रत्यारोपण सम्बन्धी जनचेतना जगाउन योगदान पुग्ने विश्वास आयोजकको छ ।

यस खेलमा अङ्गदाता र प्रत्यारोपितहरु १ सय जना सहभागी हुने अनुमान आयोजकको छ ।

विगत दुई वर्षदेखि आरोग्य प्रतिष्ठानले प्रतियोगितामा विजयीहरूलाई विश्व प्रत्यारोपण खेलकुदमा भाग लिन पाउने व्यवस्था मिलाउँदै आएको र यसपटकको विजेतालाई दक्षिण अफ्रिकामा हुने विश्व प्रत्यारोपण खेलकुदमा भाग लिन लगाउने तैयारी डायलोसिस सहयोग समिति पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका संरक्षक गणेशबहादुर श्रेष्ठले बताउनुभयो।

खेलकुदको सह-आयोजक डायलोसिस सहयोग समिति पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा मिति २०६६ फाल्गुन १६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको डायलोसिस सेन्टर सञ्चालनमा सहयोग पुऱ्याउने तथा मृगौला रोग उपचारको क्षेत्रमा जनचेतना जागृत गराउने उद्देश्यले स्थापित भएको डायलोसिस सहयोग समिति पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका संयोजक तथा मृगौला प्रत्यारोपी राकेश बुद्धाचार्यले जानकारी दिनुभयो । स्थापना पछि विभिन्न क्षेत्रमा यस समितिले स्किनिङ कार्यक्रम सञ्चालन गरी सकिएको पनि उहाँले बताउनुभयो ।

मृत्युको मुखबाट मृगौला प्रत्यारोपण गरी पुन:जीवन पाएकालाई दीर्घजीवन दिने आधार खेल भएको साहित्यकार तीर्थ श्रेष्ठले बताउनुभयो । पत्रकार भेटघाट कार्यक्रममा मृगौला प्रत्यारोपी रेखा बजिमय, विजया रेग्मी, शिव शङ्कर र राकेश बुद्धाचार्यको उपस्थिति रहेको थियो ।

## जीवन साथी बन्दै

रामनाथ अधिकारी 'संगी'

फूलबारी-३, कैलाली



बिहानीको मिर्मिरेमा, लाली घाम बन्दै
आउन नयाँ जिन्दगीमा, जीवन साथी बन्दै

सप्तरङ्गे ईन्द्रेणीको घुम्टो ओढी आउ
जुनकिरी झैं अँधेरीमा चम्चमाई आउ
मेची-काली कर्णालीको जल बोकी आउ
विकृति र विसंगति पन्छाउँदै आउ

अनगिन्ती फूलबारीका, फूलमाला उन्दै
आउन नयाँ नेपालमा, जीवन साथी बन्दै

पूर्णिमाकी जुन वनी रमाउँदै आउ
परिवर्तित नेपालका गीत गाउँदै आउ
परेवाको पृत जस्तै प्रिती गाँसी आउ
अशान्तिको अन्त्य गर्ने बाचा गरी आउ

कालो बादल फारी आउ, सूर्य किरण बन्दै
नयाँ नेपाल निर्माणको, नयाँ बाटो खन्दै

प्रकृतिका संरचना सजाउँदै आउ
निदाएका घर गाउँ जगाउँदै आउ
समाजमा चेतनाको सन्देश छर्दै आउ
छुवाछुत भेदभाव अन्त्य गर्दै आउ

भ्रष्टचारी सामन्तको भण्डाफोर गर्दै
आमूल् परिवर्तनको वकालत गर्दै
बिहानीको मिर्मिरेमा लालीघाम बन्दै
आउन नयाँ जिन्दगीमा, जीवन साथी बन्दै

## बनोस् पालूवा नयाँवर्ष

धर्मराज पौडेल 'अल्पायू'

पोखरा-१३

बसौं हामी सधैंको हेरेर
परिवेषा कापीमा केरेर ।
नववर्ष दैलोमा आयो
तपाईं हाम्लाई कोसेली के ल्यायो।
अड्सठ्ठीले छोडेर गयो
काम हाम्रा कुन-कुन के भयो ?
जनता अझै तड्पेर बस्छन्
उता नेता संसद्मा मस्त छन् ।
क्यै गरेनन् यो वर्ष पनि
लुछाचुँडी गर्दैमा गयो दिन ।
तानातान हानाहान् भाको छ
उता जनता दिनदिनै रोकोछ ।
जनतालाई भुलाए बेसरी
बिरालोले मुसोलाई झैं गरी ।
किन नेता हेर्देनौ देशलाई
कैले आउँछ खै तिम्रो मन पलाई ।
दिन्छौं भन्छौ शान्ति र संविधान
केही गर्देनौ खानै छ तिम्रो काम ।
त्यति राम्रो बगैंचा देशको
राम्रो हुन्न टुक्रदाँ अति भो ।
फाटो आउला विभाजन पारेर
लड्लान जनता भाइ-भाइलाई मारेर ।
धर्म कर्म छोडेर हिँड्या छौ
जनतालाई अतिनै पिऱ्याछौ ।
मनपरि अतिनै भयो
माथिबसी बोलेर स्वाहा भो ।
भ्रष्टचारी बढ्देछन् अगाडि
गर्ने छैनन् कुनै काम सपारी ।
के-के दियौ देशलाई भनन
जनतालाई मानिस नै ठानन ।

# ज्योतिष...

सामना गर्न ज्योतिषीले नै गर्नुपर्ने बताउँदै ज्योतिषीमा अध्ययन अनुसन्धानको कमि रहेकाले सबैले ज्योतिष शिक्षा अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै नेपाल ज्योतिष पत्रकार सङ्घका संस्थापक अध्यक्ष डा. बलराम उपाध्याय रेग्मीले ज्योतिषको विधा सबै नजाने पनि नहुने, सबै जानेर पनि काम नहुने बताउँदै जन्मको नाम सही भए ज्योतिषीले भविष्यवाणी गरी दिएको उत्तर कहिल्यै गल्ती नहुने धारणा व्यक्त गर्नुभयो ।

नेपाल ज्योतिष परिषद् कास्कीका अध्यक्ष ज्यो.रामप्रसाद कोइरालाको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेपाल ज्योतिष परिषद्का केन्द्रीय अध्यक्ष ज्यो.डा. लोकराज पौडेल, विशेष अतिथि नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. माधव भट्टराई रहनुभएको थियो । कार्यक्रममा बोल्नुहुँदै विशेष अतिथि तथा नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा.डा. माधव भट्टराईले अहिलेको युगमा ज्योतिषको महत्व अत्यन्तै बढेको बताउँदै ज्योतिषको विश्वास नगर्ने मानिसको आत्माले ज्योतिष माग्ने गरेको धारणा व्यक्त गर्नुभयो । उहाँले ज्योतिषीमा अध्ययन अनुसन्धान अत्यन्तै कम भएकाले बढाउनुपर्नेमा जोड दिनुभयो । ज्योतिषी सँधै अकाट्य हुनुपर्ने भएकाले ज्योतिषीले कहिल्यै झुठो बोल्न नहुने प्रा.डा. भट्टराईको भनाइ थियो।

त्यस्तै कार्यक्रमका प्रमुख अतिथि ज्यो.डा. लोकराज पौडेलले परिषद्मा आवद्ध सम्पूर्ण सदस्यहरूले अध्ययन अनुसन्धान गर्दै अभ्यासमा लागेमा ज्योतिष पेशामा भएको विकृति स्वत: हट्ने बताउँदै जिज्ञासाको जवाफ दिनुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य परिषद् कास्कीका उपाध्यक्ष ज्यो. होमनाथ पोखरेल र सचिव ज्यो. मोहराज ढकालले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।यसैबीच ज्योतिषको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको उच्च मूल्याङ्कन गर्दै ज्योतिषी विधाबाट ज्यो.भीमप्रसाद कोइराला, पण्डित विधाबाट ज्यो.पं.हरिकृष्ण अधिकारीलाई सम्मान गर्नुका साथै वरिष्ठ उपाध्यक्ष ज्यो.डी.आर. अधिकारीलाई मायाको चिनो प्रदान गरिएको थियो । वि.सं. २०५५ सालमा स्थापित नेपाल ज्योतिष परिषद्ले ४५ जिल्लामा आफ्नो सङ्गठन विस्तार गरिसकेको र संस्थामा ३ हजार ३ सय ९८ जना सदस्य रहेको बताइएको छ ।

# सबलाईमको अभिभावक दिवस सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखराको रत्नचोकमा अवस्थित सबलाईम उच्च मा.वि.को सत्रौं अभिभावक दिवस तथा पुरस्कार वितरण समारोह शनिबार सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्पज्योति ढुङ्गानाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि उच्च माध्यमिक शिक्षा परिषद् पश्चिमाञ्चल क्षेत्रीय सम्पर्क कार्यालयका प्रमुख बिजेन्द्रकुमार राई रहनुभएको थियो।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि राइले विद्यार्थीका लागि बहुआयामिक हुने खालको व्यवहारिक शिक्षा नै आजको आवश्यकता भएको बताउनुभयो। उहाँले बजारमा शैक्षिक बेरोजगारी बढ्ने गरी दुई खालको शैक्षिक उत्पादन देखिएकाले शिक्षामा एकरुपता आवश्यक रहेकोमा जोड दिनुभयो ।

कार्यक्रममा गतवर्ष एस.एल.सी.मा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीहरुलाई प्रमुख अतिथि राइले मायाको चिनो प्रदान गर्नुभएको थियो । नर्सरीदेखि कक्षा १० सम्मका परीक्षामा, अतिरिक्त क्रियाकलापमा र खेलकुद लगायतका गतिविधिहरुमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो। कार्यक्रममा स्थानीय विकास अधिकारी नरहरि बराल, स्वाभिमान साप्ताहिक तथा डन न्यूज नेशनल डेलीका अध्यक्ष भूमिराज पराजुली, विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष गंगाधर पराजुली, छात्रातर्फबाट विनिता क्षेत्री, विद्यालयका सह-प्राचार्य त्रिभुवन पराजुली र विद्यालयका उच्च मा.वि.को-अर्डिनेटर पुष्पराज पराजुली लगायतले विद्यालयले शिक्षा क्षेत्रमा गरेको प्रगति र पुऱ्याएको योगदानको बारेमा चर्चा गर्नुभएको थियो।

# हनुमानलाई ५१ किलोको लड्डू

ज्योतिष भविष्यवाणी

**पोखरा** : हनुमान जयन्तीको अवसरमा मारवाडी समाज पोखराले ५१ किलोको लड्डू भोग लगाएको छ । पोखराको बैदामस्थित केदारेश्वर मन्दिर परिसरमा हालै निर्माण गरिएको हनुमान मन्दिरमा समाजले २४ घण्टासम्म अखण्ड रामायण वाचनपछि ५१ किलोको लड्डु भोग लगाएको हो । ठूलो परिणामको लड्डू चढाउँदा भगवान खुशी हुने र मनोकामना पूरा हुने धार्मिक विश्वास छ ।

वीरगञ्जबाट आएका कालीगढले दुई दिन लगाएर बनाएको सो लड्डुमा १५ किलो चिनी, १५ किलो घ्यू, १२ किलो बेसनको पिठोलगायत काजु, बदाम, पिस्ता, नरिवल, इलाइचीलगायत प्रयोग भएको मारवाडी समाजका सचिव परमेश्वर खण्डेलवालले जानकारी दिनुभयो ।



पोखरामा यसरी ५१ किलोको लड्डू भोग लगाइएको यो पहिलो पटक भएको पूजा व्यवस्थापन समितिका संयोजक सत्यनारायण खेतानको दाबी छ । लड्डू हेर्न र क्यामरामा कैद गर्न सर्वसाधारणको ठूलो भीड लागेको थियो । सो लड्डू चढाइसकेपछि प्रसादको रुपमा भक्तहरुलाई वितरण गरिएको थियो । यो चैत्र शुक्लपूर्णिमाको दिनलाई हनुमान जयन्तीको रुपमा मनाइने गरिन्छ । उक्त दिन भगवान श्रीरामका भक्त हनुमानको जन्म भएको हुँदा मारवाडी समाजले हनुमानलाई प्रमुख देवताको रुपमा विशेष कार्यक्रम पूजाआजा गर्दैआएका छन् । समाजले पोखरामा ३ वर्षदेखि हनुमान जयन्ती मनाउँदै आएको सचिव परमेश्वर खण्डेलवालले बताउनुभयो । बैदाममा हनुमानको मूर्ति प्रतिष्ठा भैसकेपछि अब नियमितरुपमा पूजाआजा हुने समाजका प्रमुख सल्लाहकार शङ्कर खरालले जनाउनुभयो। मारवाडी समाजले हालै हनुमान मन्दिरमा पाँच दिनको विशेष कार्यक्रम गरी ५ फिट अग्लो मार्वलद्वारा निर्मित मूर्ति स्थापना गरेको थियो ।

# धर्म...

हिन्दू धर्मका विरुद्ध गरेको निर्णय फिर्ता गरी हिन्दू राष्ट्र पुनः कायम हुनुपर्नेमा जोड दिनुभयो। उहाँले धर्म र संस्कृतिभन्दा प्यारो केही हुन नसक्ने बताउँदै राष्ट्रको धर्म र संस्कृतिमा ठूलो सङ्कट आएको बताउनुभयो ।

त्यस्तै संस्थाका केन्द्रीय सदस्य तथा नेपाल ज्योतिष परिषद्का अध्यक्ष डा. लोकराज पौडेलले हिन्दूराष्ट्र कुनै पनि हालतमा फिर्ता हुनुपर्ने माग गर्नुभयो । उहाँले हिन्दूहरूको राष्ट्रमा अन्य धर्म रोक्ने हो भने हिन्दूहरूले निःशुल्क शिक्षा र अस्पतालको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । हिन्दू धर्म मान्नेहरूले हिन्दू धर्म मान्ने दलितलाई हेला गर्ने तर अन्य धर्म मान्ने विदेशी जुनसुकै जातिको भए तापनि सम्मान गर्ने परम्पराको अन्त्य गर्नुपर्नेमा उहाँको जोड थियो ।

त्यसैगरी केन्द्रीय सदस्य कृष्णबहादुर चौधरीले नेपाललाई मदिरा मुक्त र मांशाहारी कम गराउन सके धर्मको रक्षा स्वतः हुने बताउनुभयो ।

त्यस्तै पोखराका सक्रिय धार्मिक समाज सेवी दिवाकर बाँस्तोलाले धर्म कसैले छोड्न नसक्ने बताउँदै पैसाको लोभमा धर्म परिवर्तन गर्ने परिपाटीले हिन्दू धर्म सङ्कटमा पर्दै गएको धारणा व्यक्त गर्नुभयो । उहाँले भगवानमा विश्वास गर्नुनै सबैभन्दा ठूलो धर्म भएको विचार व्यक्त गर्नुभयो ।

राष्ट्रिय धर्म सभा नेपाल कास्की शाखाका अध्यक्ष पं. तारानाथ शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय उपाध्यक्ष भीमकुमारी श्रेष्ठले धर्म सभालाई सक्रिय बनाई अघि बढाउन सबैसँग आग्रह गर्दै धर्मका लागि मर्न तैयार हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा केन्द्रीय सदस्य रामनाथ अधिकारी 'संगी', कान्ता भट्टराई, भीष्मराज पुरुष, पूर्व गण्डकी अञ्चलाधिश लक्ष्यबहादुर गुरुङ, पोखरा चिसाखोला वेदविद्याश्रमका संरक्षक पं.केदारनाथ उपाध्याय तिमिल्सिना, राष्ट्रिय धर्म सभा नेपाल कास्की शाखाका उपाध्यक्ष टेकन गिरी, पञ्चाङ्गकार तथा केन्द्रीय उपाध्यक्ष सूर्यप्रसाद ढुङ्गेल, विश्व हिन्दू महासङ्घ राष्ट्रिय उपाध्यक्ष वेदनिधि शर्मा लगायतले राष्ट्रिय धर्म सभा नेपालको औचित्यको बारेमा प्रष्ट पार्दै कार्यक्रमको पहिलो सत्र सम्पन्न भएको थियो ।

त्यसैगरी कार्यक्रमको दोस्रो सत्र अर्थात समापन समारोह अघि हिन्दू धर्म सम्बन्धी केन्द्रीय अध्यक्ष प्रा.डा. माधव भट्टराइले प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षण कार्यक्रममा नेपालको हिन्दू राष्ट्र फर्काउन के गर्न सकिन्छ भन्ने विषयमा फलफल भएको थियो। कार्यक्रममा बोल्ने अधिकांश व्यक्तिहरूले धर्म सभाले बन्द, हड्ताल र अनसन गरेर होइन बौद्धिक लडाइँ लडेर हिन्दू धर्म फर्काउन सकिने धारणा व्यक्त गरेका थिए । लडाइँ जब लड्नुपर्छ एकै चोटी विजय प्राप्त गर्न सकिने गरी लड्नुपर्ने, त्यस लडाईंबाट पछाडि नफर्कने गरी अघि बढ्नुपर्नेमा जोड दिएका थिए । सो कार्यक्रममा बोल्ने वक्ताहरूले अन्य धर्म मान्ने व्यक्तिले चर्चको आम्दानी चर्चमा नै खर्च गर्ने तर हिन्दू धर्म मान्ने व्यक्तिहरूले मठमिन्दरको आम्दानी निजी कार्यमा खर्च गर्ने गरेकाले हिन्दू धर्म पछि परेको राय व्यक्त गरेका थिए ।

त्यस्तै समापन समारोह कास्कीका अध्यक्ष पं. तारानाथ शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा केन्द्रीय अध्यक्ष प्रा.डा.माधव भट्टराई प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा केन्द्रीय सदस्य तथा संहिताचार्य अर्जुनप्रसाद बाँस्तोलाले पोखरा नेपालको मध्य क्षेत्रमा पर्ने भएकाले धर्मको सन्देश चारैतिर जाने अपेक्षा रहेको बताउनुभयो । उहाँले विश्व धर्म संसदमा आवद्ध ११३ राष्ट्रले कसैले हिन्दूको पहिचान मास्न नपाउने भएकाले नेपालको हिन्दू राष्ट्र कायम गर्नुपर्ने निर्णय गरेको खुलासा गर्नुभयो । उहाँले यसअघि हिन्दू राष्ट्रलाई अन्य धर्मले स्वीकार गरेको थियो र अझै पनि स्वीकार गर्ने बताउँदै देशलाई संघीयताका नाममा टुक्रा-टुक्रा बनाउन खोजेकाले देशको अस्तित्व जोगाउन सम्पूर्ण लाग्नुपर्नेमा जोड दिनुभयो । देशको संघीयतालाई चारजात र छत्तिस वर्णको फूलवारीमा एउटा मात्तेको राँगो पसेर सबै फूल खाएको संज्ञा दिँदै व्यङ्ग्य गर्नुभयो। त्यसै गरी केन्द्रीय सदस्य तथा पर्वत जिल्ला पूर्व अध्यक्ष सूर्यप्रकाश पौडेलले धर्म र संस्कृतिलाई नेपालीले पैसामा बेच्न नहुने बताउँदै धर्म र संस्कृतिलाई नेपालका कुनै पनि पार्टीले नछाडेको, विदेशीको आँखामा छारो हाल्न नाटक गरेको उद्घोष गर्नुभयो । नेपालीले छुवाछुत र जातीय विभेद विरुद्ध विरोध गर्नुपर्ने तर धर्म र संस्कृतिका लागि सम्पूर्ण एकजुट हुनुपर्नेमा उहाँको जोड थियो ।

त्यस्तै केन्द्रीय सदस्य तथा तनहुँका अध्यक्ष विष्णु सापकोटाले हामीले जे कुरा बोल्छौ सोही कुरा कार्यान्वयन हुनुपर्ने बताउँदै हिन्दूहरूले घमण्ड त्याग्न नसकी हिन्दूले हिन्दूलाई नै मर्यादा गर्न नसकेकाले विकृति आएको धारणा व्यक्त गर्नुभयो । उहाँले धर्म सभामा लाग्ने सबैले आफ्नो घरमा ॐकार लेखिएको झण्डा राख्नुपर्ने बताउनुभयो । उहाँ दुई चार जना राजनैतिक पाखण्डीले निरपेक्ष लेख्दैमा राष्ट्र धर्म निरपेक्ष नहुने धारणा व्यक्त गर्नुभयो ।

त्यस्तै स्याङ्जाका सचिव देवराज तिवारीले हिन्दू धर्म सनातन धर्मभित्र पर्ने भएकाले राज्यलाई सनातन बनाउने कि हिन्दू राज्य बनाउने भन्नेमा राम्ररी विचार गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले अब बन्ने संविधानमा सनातन राष्ट्र उल्लेख नभए त्यस्तो धर्म विरोधी संविधानलाई च्यात्नुपर्नेमा जोड दिनुभयो ।

भेलाले कास्की जिल्लाको अध्यक्षमा टेकन गिरी, महिला अध्यक्षमा माया पराजुली र पर्वत जिल्ला अध्यक्षमा पं.तारानाथ आचार्यलाई चयन गरेको छ भने केन्द्रीय सदस्यमा रविन्द्र माकाजु र डा. बलराम उपाध्याय रेग्मीलाई चयन गरेको छ । धर्म सभालाई महत्वपूर्ण योगदान पुऱ्याएको मूल्याङ्कन गर्दै रविन्द्र माकाजु र रत्नादेवी विजुक्छेलाई सम्मान समेत गरिएको थियो । कार्यक्रमको सञ्चालन सृजना गौतमले गर्नुभएको थियो ।

# गोपालधामको सञ्चालित महायज्ञ सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : गोपाल सेवा केन्द्र, पोखराको पहलमा पोखरामै पहिलो पटक गोपाल धाम निर्माणार्थ आयोजित महायज्ञ सम्पन्न भएको छ । सराङकोट-६ स्थित लक्ष्मीधारामा चैत्र २० गतेबाट शुरु भएको महायज्ञ चैत्र २७ गते सोमबार सम्पन्न भएको हो ।

महायज्ञमा १५ लाखभन्दा बढी नगद सङ्कलन भएको छ भने करिव १५ लाख बराबरको जिन्सी सामग्री सङ्कलन भएको आयोजकले जनाएका छन् । त्यस्तै मङ्गलबार गोपालधाम निर्माणका लागि शिलान्यास भएको समितिका सह-संयोजक लक्ष्मीशरण पराजुलीले बताउनुभयो ।

केन्द्रले सो ठाउँमा मुक्तिनाथ जाने तीर्थ यात्री र फर्कने तीर्थ यात्रीका लागि एक छाक खाना र बस्नको लागि अन्न क्षेत्र एवम् धर्मशाला निर्माण गर्न थालेको हो । धर्मशाला र अन्नक्षेत्रको लागि संस्थाले विभिन्न व्यक्तिहरुसँग सहयोग लिएर एक रोपनी चार आना जग्गा समेत खरिद गरिसकेको छ ।

महायज्ञको प्रमुख कथा वाचक जगतगुरु बालसन्त मोहनशरण देवाचार्य महाराज रहनुभएको थियो । महायज्ञको समापन गर्दै उहाँले पोखरामा गोपाल धाम बन्नु सम्पूर्ण पोखरेलीहरूका लगि गौरवको कुरा भएको बताउनुभयो ।

"नेपाल राष्ट्र आफैमा तीर्थमय छ ।" जगत गुरुले भन्नुभयो- "नेपाल विश्वका हिन्दूहरुको आस्थाको केन्द्र हो ।" सो स्थानमा निर्माण हुने गोपाल धामलाई विशेष गरी धर्मशाला तथा अन्नक्षेत्रको रुपमा विकास गरिने भएको छ । गोपाल सेवा केन्द्र पोखराले धाम निर्माणका लागि समिति गठन गरी निर्माण कार्यको योजना बनाएको हो । वि.सं.२०६३ सालमा पोखरामा गठन भएको केन्द्रले धाम निर्माण गर्नकै लागि सहयोग जुटाउने उद्देश्यका साथ धाम निर्माण स्थलमै ज्ञान महायज्ञको आयोजना गरेको हो । गोपाल धाम निर्माण गर्नका लागि मङ्गलबारबाट पुनः डोजर लगाउन शुरु गरिएको छ ।

पोखरामा पहिलो पटक गोपाल धाम निर्माण हुने भएपछि पोखरा र आसपासको धार्मिक पर्यटनको विकासमा समेत महत्वपूर्ण टेवा पुग्ने विश्वास गर्न सकिन्छ । पोखरा हुँदै मुक्तिनाथ लगायत अन्य धार्मिक स्थलको दर्शनका लागि हिडेका तीर्थयात्रीहरुलाई एक रातमात्र भएपनि गोपाल धाममा राख्ने व्यवस्था मिलाउन लागिएको महायज्ञ मूल आयोजक समितिका अध्यक्ष मातृकाप्रसाद सिग्देलले जानकारी दिनुभयो । तीर्थयात्रुहरुलाई धाममा निःशुल्क खाने, बस्ने व्यवस्था मिलाइने भएको छ ।

# प्रेस युनियनद्वारा हत्याको विरोध

ज्योतिष भविष्यवाणी

**पोखरा** : झापाका पत्रकार यादप पौडेको हत्याको विरुद्ध नेपाल प्रेस युनियनले देशभर विरोध प्रदर्शन गरेको छ । युनियनको केन्द्रीय कार्यक्रम अनुसार कास्की शाखाले गत बिहीबार विरोध ऱ्याली प्रदर्शन गरेको छ । स्थानीय मानवअधिकार चोकबाट निस्केको ऱ्याली चिप्लेढुङ्गा हुँदै महेन्द्रपुल भीमसेनचोकमा पुगी कोणसभामा परिणत भएको थियो । प्रेस युनियन कास्कीका अध्यक्ष शिरोमणि बरालको अध्यक्षतामा भएको कार्यक्रममा युनियनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष गङ्गाधर पराजुली, नेपाल ज्योतिष पत्रकार सङ्घ राष्ट्रिय समितिका अध्यक्ष डा. बलराम उपाध्याय रेग्मी, पत्रकार महासङ्घका केन्द्रीय सदस्यद्वय रुद्र भट्ट, दुर्गा भण्डारी, प्रेस युनियनका पश्चिमाञ्चल संयोजक रमेश पौडेल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य पुण्य पौडेल लगायतका वक्ताले पत्रकार पौडेलको हत्या विकृति विसङ्गतिका विरुद्ध कलम चलाउन पत्रकारमाथिको प्रहार भएको बताउनुभयो। त्यस्तै विरोध सभामा नेपाली काङ्ग्रेस कास्कीका सभापति यज्ञबहादुर थापा, पत्रकार महासङ्घ कास्कीका अध्यक्ष बद्रीविनोद प्रतीक, स्वतन्त्र पत्रकार सङ्घ नेपालका अध्यक्ष कृष्णप्रसाद बाँस्तोला, प्रेस चौतारी नेपाल कास्कीका अध्यक्ष श्याम कुँवर क्रियाशील महिला पत्रकार सङ्घ पश्चिमाञ्चल संयोजक रीता गुरुङ, शान्तिका लागि नागरिक समाजको सञ्जालका संयोजक सुरेन्द्र थापा मगर, नेपाल ट्रेड युनियन काङ्ग्रेस कास्कीका सभापति मुरारी शर्मा, क्रान्तिकारी पत्रकार सङ्घ कास्कीका कार्यवाहक अध्यक्ष त्रिभुवन पौडेल, फोटो पत्रकार कृष्णमणि बराल, , प्रेस युनियन कास्कीका सचिव लगायतका वक्ताले पत्रकार पौडेलको हत्यारालाई कानूनी कारवाहीको माग गरेका छन् ।

पृष्ठ २ को बाँकी...

प्रा.डा.भट्टराई - सरकार दह्रो हुनुपर्छ । सरकारले सबैलाई एउटै शिक्षा र विषय बनाउनुपर्छ । धेरै विषय हुँदा जनतालाई भार परेको छ । यसलाई रोक्नुपर्छ ।

ज्यो.भ. - शिक्षा क्षेत्रमा राजनीति हावी छ नि ?

प्रा.डा.भट्टराई - हो, शिक्षा क्षेत्र चर्को राजनीतिको चेपुवामा छ । यो विकृति हो । राजनीतिले कुनै क्षेत्र बाँकी राखेको छैन । सबैक्षेत्र खाइसक्यो । धर्म, संस्कृति, मठमन्दिर सबैमा राजनीति घुसिसक्यो । एउटा नेपाली सेना बाँकी छ । त्यसमा पनि राजनीति घुस्न लागेको छ ।

ज्यो.भ. - यसलाई रोक्न के गर्नुपर्ला ?

प्रा.डा.भट्टराई - नेपालको विश्वविद्यालयहरूमा कर्मचारी पार्टीको कोटामा नियुक्त गरिन्छ त्यो रोक्नुपर्छ । योग्यताको आधारमा पदाधिकारी नियुक्त हुनुपर्छ । शिक्षाविदहरूले शिक्षा नीति बनाएर पूर्ण कार्यान्वयन गरेमा रोकिन सक्छ, नत्र सम्भव छैन ।

ज्यो.भ. - तपाईंले पनि राजनीति गर्नुभयो होला नि ?

प्रा.डा.भट्टराई - मैले राजनीति गरिन । विद्यार्थी जीवनमा अलिअलि गरें । राजनीतिमा त्यति ठूलो जिम्मेवारी पनि पाइन । पछि सक्रिय भएर लागिन । सामाजिक कार्य गर्नतिर लागें ।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ? अहिले नेपालको राजनीति कस्तो लाग्छ ?

प्रा.डा.भट्टराई - राजनीति भनेको देशको राज्य सञ्चालन गर्ने मुख्य नीति हो । यसलाई पैसा कमाउने माध्यमको रुपमा प्रयोग गरिएको छ । त्यसैले नेपालको राजनीति गलत बाटोमा छ । राजनीति नेपालीको हातमा छैन । विदेशीको हातमा गएको छ । नेपालको राजनीतिमा जबसम्म विदेशीको सिद्धान्त प्रयोग हुन छोड्दैन तबसम्म नेपालको राजनीति सही तरिकाले अघि बढ्दैन ।

ज्यो.भ. - यो राजनीतिलाई सुधार गर्न के गर्न सकिन्छ ?

प्रा.डा.भट्टराई - सचेत नागरिकको चिन्तनबाट राजनीति चल्नुपर्छ । धर्मको पद्धतिबाट चल्ने राजनीति हुनुपर्छ । त्यसो भएमा भ्रष्टाचार रोकिन्छ र राष्ट्रप्रेमको भावना जाग्दछ । अहिलेको राजनीति र नेताहरूले राष्ट्रलाई सम्हाल्न सक्दैनन् ।

ज्यो.भ. - तपाईंको विचारमा राजनीतिमा आएका मुख्य प्रजातन्त्रवादी सिद्धान्त र मार्क्सवादी कम्युनिस्ट सिद्धान्त कुन उपयुक्त हो ?

प्रा.डा.भट्टराई - नेपालको राजनीतिमा नाममात्र विचार र सिद्धान्त हो । यी दुईमा कुनै फरक छैनन् । उनीहरूको आचरणबाट नै थाहा हुन्छ । नेपालका लागि सच्चा प्रजातन्त्र ठीक हुन्छ ।

ज्यो.भ. - अहिले नेपालको राजनीति राज्य पुनर्संरचना र शासकीय स्वरुपमा केन्द्रित छ । यहाँको धारणा ?

प्रा.डा.भट्टराई - संघीयता हुनुहुँदैन । त्यसमाथि जातीयताको आधारमा त हुँदै हुँदैन । संघीयता त टुक्रा-टुक्रा भएको राज्यलाई एक बनाउन हुनुपर्ने हो तर नेपालमा एक भएको राज्यलाई टुक्राउन खोजिएको छ । यो निकै गलत छ । नेपाल अखण्ड, सार्वभौम सशक्त रहनुपर्छ । यो जनताले पनि चाहेका छैनन् । संघीय राज्य धेरै दिन टिक्न सक्दैन । यो मेरो भविष्यवाणी हो । नेपालमा भएको ७५ जिल्लालाई समेत घटाएर २५ जिल्लामा झार्नुपर्छ भन्ने हाम्रो माग रहेको छ । त्यस्तै शासकीय स्वरुपमा कुनै विवाद नै छैन । मात्र प्रयोगमा विवाद भएको हो । अमेरिकामा कार्यकारी राष्ट्रपतिय पद्धति राम्रो भएको छ भने भारतमा कार्यकारी प्रधानमन्त्री पद्धति राम्रो भएको छ । नेपालमा पञ्चायत, बहुदल लगायत अन्य कुनै पनि गलत थिएन, मात्र प्रयोग गलत भएको हो। वि.सं. २०४७ सालको नेपालको संविधान निकै उत्कृष्ट दावी गरिएको थियो । अहिले त्यो पनि फालियो । राष्ट्रपति र प्रधानमन्त्री जो कार्यकारी भए पनि केही फरक पर्दैन । नेपालमा प्रयोगको समस्या भएको हो । आचरणमा सुधार आए जो भए पनि केही फरक पर्दैन ।

ज्यो.भ. - देशका युवाशक्ति विदेश पलायन भएका छन् नि । के भन्नुहुन्छ ?

प्रा.डा.भट्टराई - म त राष्ट्रवादी मान्छे । राष्ट्र सबैभन्दा ठूलो हो । मानिसको शरीर राष्ट्रले नै बनाएको छ । नेपालका युवा शक्ति परिवन्द र परिस्थितिले गर्दा विदेश गएका छन् यो नराम्रो होइन । विदेशमा गएका नागरिक स्वदेश नफर्कनु, विदेशमा आर्जन गरेका शीप र आम्दानी स्वदेशमा प्रयोग नगर्दा राष्ट्रलाई निकै घातक हुन्छ ।

ज्यो.भ. - तपाईंको विचारमा ज्योतिष के हो ?

प्रा.डा.भट्टराई - ज्योतिष सबैको आँखा हो । ज्योतिष सबै शास्त्रको आँखा हो । ज्योतिषले सबैलाई बाटो देखाउँछ । ज्योतिष विज्ञान हो । ज्योतिष वैज्ञानिक शास्त्र हो ।

ज्यो.भ. - अहिलेको ज्योतिष कस्तो लाग्छ ?

प्रा.डा.भट्टराई- ज्योतिषको उन्नति हुनुपर्छ भन्ने चेतना बढेको छ । सरकारले यसमा सहयोग गरेको छैन । ज्योतिष सम्बन्धी सङ्घ-संस्थाहरू धिपिधिपि चलिरहेका छन् । सबैले सहकार्य गरी अघि बढेमा यसको भविष्य उज्जवल छ ।

ज्यो.भ. - ज्योतिषको विकास गर्न के गर्नुपर्ला ?

प्रा.डा.भट्टराई - यसमा सरकाले लगानी गर्नुपर्‍यो । ज्योतिष जस्तो विषयलाई धरापमा पार्नु हुँदैन । यसमा सरकारले गम्भीर भएर सोच्नुपर्दछ । पढ्ने मानिसहरूका लागि पढ्ने परिपाटी हुनुपर्‍यो । यसका मूल्यवान विषयलाई प्रयोगमा ल्याउन जरुरी छ ।

ज्यो.भ. - ज्योतिष शिक्षाको विकासमा छुट्टै ज्योतिष विश्वविद्यालय स्थापना हुन जरुरी छैन ?

प्रा.डा.भट्टराई - भए त राम्रो हुन्छ । आवश्यकताभन्दा हुनु राम्रो हो । हाम्रो देशमा तत्काल विश्वविद्यालय बनाउने पूर्वाधार छैन । ज्योतिष विश्वविद्यालयका लागि दक्ष जनशक्ति र पढ्ने विद्यार्थी हुनुपर्छ ।

ज्यो.भ. - धर्म भनेको के हो ?

प्रा.डा.भट्टराई - 'बाँच र बाँच्न देऊ' भन्ने नारा नै धर्म हो । धर्म एक सिद्धान्त हो । सत्कर्म गरे धर्म हुन्छ ।

ज्यो.भ. - हाम्रो देश नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भैसक्यो नि ?

प्रा.डा.भट्टराई - यो विल्कुल गलत प्रक्रिया हो । यो जनताको माग होइन । यो कुनै आन्दोलनको मुद्धा थिएन । नेपालमा सबै धर्म मिलेर बसेका थिए । अहिलेभन्दा धेरै राम्रो धार्मिक सद्भाव थियो ।

ज्यो.भ. - अब हिन्दू राष्ट्र फर्कने सम्भावना देख्नुहुन्छ ?

प्रा.डा.भट्टराई - अवश्य फिर्ता हुन्छ । यिनीहरू एक न एक दिन जनतामा पुग्छन् । जनताले यसको विरोध गर्छन । अनि यिनीहरू गल्छन् ।

ज्यो.भ. - यसका लागि माग राख्नु बाहेक धर्म सभाले कुनै आन्दोलन गरेको छैन नि ?

प्रा.डा.भट्टराई - होइन, आन्दोलन निकै गरेको छ । सडक आन्दोलन गर्नु हाम्रो लक्ष्य होइन र पछि पनि सडक आन्दोलन गरेर अन्यलाई दु:ख दिनु हुँदैन । हामी अहिले वैचारिक आन्दोलनमा छौं । जबसम्म यो फिर्ता हुँदैन तवसम्म जनतामा विचार लगिनै रहने छौं । अमेरिका समेत नेपाल हिन्दू राष्ट्र होस् भन्ने चाहन्छ । यो ढिलो चाँडो अवश्य फर्कन्छ ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य के छ ?

प्रा.डा.भट्टराई - सामाजिक सेवा गर्दै देशमा शान्ति स्थापना गर्ने ।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

प्रा.डा.भट्टराई - विभिन्न सिलसिलामा भारतको प्राय: क्षेत्र घुमेको छु । त्यस्तै जापानको पनि भ्रमण गरेको छु भने नेपालका प्राय: सबै जिल्लाहरूको भ्रमण गरिसकेको छु ।

ज्यो.भ. - अन्त्यमा हामीले सोध्न र तपाईंले भन्न छुटेका कुरा केही बाँकी छन् कि ?

प्रा.डा.भट्टराई - म सरलता र सहजतामा विश्वास गर्ने मानिस हो । मलाई देखावटी कुरा मन पर्दैन । म प्रकृतिमा बाँच्न चाहन्छु । भित्र र बाहिर एउटै विचार चाहन्छु ।

ज्यो.भ. - ज्योतिष भविष्यवाणीलाई के भन्नुहुन्छ ?

प्रा.डा.भट्टराई - ज्योतिष भविष्यवाणीको योगदानको कदर गर्दछु । यो पत्रिका धर्म सभाको सहयोगी भएको छ । यसले कार्यक्षेत्र विस्तार गरेको खण्डमा यसको भविष्य उज्जवल छ । यसमा म व्यक्ति र हाम्रो संस्थाको हरेक कोणमा सहयोग हुन्छ ।

ज्यो.भ. - व्यस्तताका बाबजुद महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद ।

प्रा.डा.भट्टराई - तपाईंले मेरो विचारलाई पाठक समक्ष ल्याउन जुन अवसर प्रदान गर्नुभयो यसप्रति तपाईं र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद।

**प्रस्तुति : हरि पन्त**


# हार्दिक मंगलमय शुभकामना

**नववर्ष २०६९ को पावन अवसरमा हाम्रा पाठक, ग्राहक वर्ग, शुभेच्छुक, इष्टमित्र, प्राध्यापक, विद्यार्थी, कानून व्यवसायी सहकर्मी, पत्रकार, धार्मिक, साहित्यिक मित्रवन्धु, ज्योतिष सहकर्मी, स्वदेश एवम् विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा सुख, शान्ति एवम् समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**

१. संस्थापक/सम्पादक, **ज्योतिष जागरण (मासिक)**
खुर्कोट-४, पर्वत, नेपाल(२०५०/६/१६)

२. संस्थापक अध्यक्ष, **अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवम् भविष्यवाणी केन्द्र**, पर्वत, नेपाल(२०५०/६/१६)

३.संयोजक, **मेची-महाकाली ज्योतिष जागरण अभियान**
नेपाल (२०५३/११/०९)

४. संस्थापक अध्यक्ष, **वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय तदर्थ समिति**
नेपाल (२०५४/१०/१९)

५.संस्थापक/सम्पादक/प्रकाशक, **ज्योतिष भविष्यवाणी (साप्ताहिक)**
मोरङ, कास्की, नेपाल (२०५५/७/१७)

६. संस्थापक अध्यक्ष, **नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति**
नेपाल (२०५७/८/२२)

८. अधिवक्ता, **अन्तर्राष्ट्रिय कानूनी परामर्श केन्द्र**
पोखरा, नेपाल (२०६१/३/०७, 21June, 2004AD)

७. प्रिन्सिपल, **पोखरा ज्योतिष महाविद्यालय**
नेपाल (२०६२/११/०३, 15 Feb, 2006)

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६८/१२/३० Apr.12, 2012 | बिहान ५:४४ बजेदेखि ७:१४ बजेसम्म **शुभ**/बिहान ७:१४ बजेदेखि ८:४४ बजेसम्म **रोग**/बिहान ८:४४ बजेदेखि १०:१४ बजेसम्म **उद्वेग**/बिहानमा १०:१४ देखि ११:४४ बजेसम्म **चर**/बिहानमा ११:४४ देखि दिनमा १:१४ बजेसम्म **लाभ**/दिनमा १:१४ बजेदेखि २:४४ बजेसम्म **अमृत**/दिनमा २:४४ देखि ४:१४ बजेसम्म **काल**/बेलुकी ४:१४ देखि ५:४४ बजेसम्म **शुभ** । |
| शुक्रबार २०६९/१/१ Apr.13, 2012 | बिहान ५:४३ बजेदेखि ७:१३ बजेसम्म **चर**/बिहान ७:१३ बजेदेखि ८:४३ बजेसम्म **लाभ**/बिहान ८:४३ बजेदेखि १०:१३ बजेसम्म **अमृत**/बिहानमा १०:१३ देखि ११:४३ बजेसम्म **काल**/बिहानमा ११:४३ देखि दिनमा १:१३ बजेसम्म **शुभ**/दिनमा १:१३ बजेदेखि २:४३ बजेसम्म **रोग**/दिनमा २:४३ देखि ४:१३ बजेसम्म **उद्वेग**/बेलुकी ४:१३ देखि ५:४३ बजेसम्म **चर** । |
| शनिबार २०६९/१/२ Apr.14, 2012 | बिहान ५:४२ बजेदेखि ७:१२ बजेसम्म **काल**/बिहान ७:१२ बजेदेखि ८:४२ बजेसम्म **शुभ**/बिहान ८:४२ बजेदेखि १०:१२ बजेसम्म **रोग**/बिहानमा १०:१२ देखि ११:४२ बजेसम्म **उद्वेग**/बिहानमा ११:४२ देखि दिनमा १:१२ बजेसम्म **चर**/दिनमा १:१२ बजेदेखि २:४२ बजेसम्म **लाभ**/दिनमा २:४२ देखि ४:१२ बजेसम्म **अमृत**/बेलुकी ४:१२ देखि ५:४२ बजेसम्म **काल** । |
| आइतबार २०६९/१/३ Apr.15, 2012 | बिहान ५:४१ बजेदेखि ७:११ बजेसम्म **उद्वेग**/बिहान ७:११ बजेदेखि ८:४१ बजेसम्म **चर**/बिहान ८:४१ बजेदेखि १०:११ बजेसम्म **लाभ**/बिहानमा १०:११ देखि ११:४१ बजेसम्म **अमृत**/बिहानमा ११:४१ देखि दिनमा १:११ बजेसम्म **काल**/दिनमा १:११ बजेदेखि २:४१ बजेसम्म **शुभ**/दिनमा २:४१ देखि ४:११ बजेसम्म **रोग**/बेलुकी ४:११ देखि ५:४१ बजेसम्म **उद्वेग** । |
| सोमबार २०६९/१/४ Apr.16, 2012 | बिहान ५:४० बजेदेखि ७:१० बजेसम्म **अमृत**/बिहान ७:१० बजेदेखि ८:४० बजेसम्म **काल**/बिहान ८:४० बजेदेखि १०:१० बजेसम्म **शुभ**/बिहानमा १०:१० देखि ११:४० बजेसम्म **रोग**/बिहानमा ११:४० देखि दिनमा १:१० बजेसम्म **उद्वेग**/दिनमा १:१० बजेदेखि २:४० बजेसम्म **चर**/दिनमा २:४० देखि ४:१० बजेसम्म **लाभ**/बेलुकी ४:१० देखि ५:४० बजेसम्म **अमृत** । |
| मंगलबार २०६९/१/५ Apr.17, 2012 | बिहान ५:३९ बजेदेखि ७:०९ बजेसम्म **रोग**/बिहान ७:०९ बजेदेखि ८:३९ बजेसम्म **उद्वेग**/बिहान ८:३९ बजेदेखि १०:०९ बजेसम्म **चर**/बिहानमा १०:०९ देखि ११:३९ सम्म **लाभ**/बिहानमा ११:३९ देखि दिनमा १:०९ बजेसम्म **अमृत**/दिनमा १:०९ बजेदेखि २:३९ बजेसम्म **काल**/दिनमा २:३९ देखि ४:०९ बजेसम्म **शुभ**/बेलुकी ४:०९ देखि ५:३९ बजेसम्म **रोग** । |
| बुधबार २०६९/१/६ Apr.18, 2012 | बिहान ५:३८ बजेदेखि ७:०८ बजेसम्म **लाभ**/बिहान ७:०८ बजेदेखि ८:३८ बजेसम्म **अमृत**/बिहान ८:३८ बजेदेखि १०:०८ बजेसम्म **काल**/बिहानमा १०:०८ देखि ११:३८ बजेसम्म **शुभ**/बिहानमा ११:३८ देखि दिनमा १:०८ बजेसम्म **रोग**/दिनमा १:०८ बजेदेखि २:३८ बजेसम्म **उद्वेग**/दिनमा २:३८ देखि ४:०८ बजेसम्म **चर**/बेलुकी ४:०८ देखि ५:३८ बजेसम्म **लाभ** । |

## साप्ताहिक साहित

१. चैत्र ३०, २०६८ बिहीबार - कुनै पनि दिशाको यात्रा गर्नु शुभ रहेको छैन ।
२. वैशाख १, २०६९ शुक्रबार - उत्तर र पूर्व दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
३. वैशाख २, २०६९ शनिबार - कुनै पनि दिशाको यात्रा गर्नु शुभ रहेको छैन ।
४. वैशाख ३, २०६९ आइतबार - पूर्व र दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
५. वैशाख ४, २०६९ सोमबार - दक्षिण र पश्चिम दिशाको यात्रामात्रै शुभ रहेको छ ।
६. वैशाख ५, २०६९ मङ्गलबार - दक्षिण र पश्चिम दिशाको यात्रामात्रै शुभ रहेको छ ।
७. वैशाख ६, २०६९ बुधबार - दक्षिण र पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ भने अन्य कुनैपनि दिशाको यात्रा नगर्नु नै राम्रो हुनेछ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मङ्गलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।

*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

# तपाईंको यो हप्ता

(चैत्र ३० गते बिहीबारदेखि वैशाख ६ गते बुधबारसम्म)
(From Apr.12, 2012 to Apr.18, 2012)

ज्यो. सीता रेग्मी
मोवाइलः ९८४६२१९८९१५

१. मेषः (Aries)(चु. चे. चो. ला. लि. लु. ले. लो. अ.)
तपाईंको यो हप्ता स्वास्थ्य राम्रो रहनेछ । आदर-सत्कार, घरमा पारिवारिक सहयोग पाइने, धन लाभका अवसर मिल्ने, आफन्तसँग भेट हुने मौका, धेरै क्षेत्रबाट पनि हर्ष र खुशीका खबर पाइनेछ भने हप्ताको अन्तिमतिर मानसिक चिन्ता, मानहानी, आफन्तसँग विरोध पर्ने, आम्दानीभन्दा खर्चमात्रै ज्यादा हुनेछ ।

२. वृषः(Tauras)(ई. उ. ऐ. ओ. वा. वि. वु. वे. वो.)
तपाईंको यो हप्ता स्वास्थ्यमा समस्या आउनेछ । गर्न खोजेका कार्यमा बिघ्नबाधा रहेका छन् । अनावश्यक खर्च हुने, नियत राम्रो नभएका व्यक्तिसंग सङ्गत गर्नुपर्ने देखिन्छ । सकेसम्म हानी नोक्सानी जोगाउनु नै लाभ मान्नु पर्नेछ ।

३. मिथुनः(Gemini) (का. कि. कु. घ. ङ. छ. के. को. ह.)
तपाईंका लागि यो हप्ताको प्रारम्भमा मानसिक चिन्ता बढ्नेछ । मानहानी हुने ठाउँमा सहभागी हुनुपर्ने, आफन्तसँग विरोध पर्ने, खर्चमात्रै ज्यादा हुने, आँटेका कामगर्न असफल र विघ्नबाधा पर्ने देखिन्छ भने हप्ताको अन्तिमतिर धन प्राप्तिका स्रोतहरु फेला पर्ने, स्वजनसँग भेट हुने मौका मिल्नेछ ।

४. कर्कः(Cancer)(हि. हु. हे. हो. डा. डि. डु. डे. डो.)
तपाईंका लागि यो हप्ताको शुरुमा स्वास्थ्य राम्रो रहनेछ । आम्दानी बढ्ने, जमिन किनबेचमा लाभ, प्रतिष्ठित व्यक्तिसँग भेट हुनेछ भने हप्ताको अन्तिमतिर सरकारी कर्मचारीबाट असहयोग, छोराछोरीसँग विवाद, व्यापार व्यवसायमा हानी, पेट रोग लाग्ने, कुनै न कुनै रोगले दुःख दिन सक्नेछ । सतर्क रहनु आवश्यक छ ।

५. सिंहः(Leo) (मा. मि. मु. मे. मो. टा. टि. टु. टे.)
तपाईंका लागि यो हप्ताको प्रारम्भमा स्वास्थ्यमा कुनै समस्या आउने छैन । आय आर्जनका स्रोतहरु फेला पर्ने, सबै प्रकारको काममा सफलता मिल्नेछ । बैशाख १ गतेपछि गाडी किन्ने, विदेश जाने प्रोसेस चालेमा सोचे अनुसार सबै कार्यमा पूरा सफलता मिल्नेछ । हप्ताको अन्तिमतिरको समय भने केही खराब रहनेछन् ।

६. कन्याः(Virgo)(टो. पा. पी. पू. ष. ण. ठ. पे. पो.)
यो हप्ता तपाईंका लागि कुनै व्यक्तिसँग विवादमा परिने, मन चञ्चल रहने हुनाले कार्यमा बिघ्नबाधा आइलाग्नेछ । सतर्क रहनुपर्ने देखिन्छ भने हप्ताको अन्तिमतिर स्वास्थ्यमा सुधार, गरेको परिश्रमको राम्रो लाभ पाइने छ । मानसिक शान्ति र आराम मिल्ने समय चलिरहेको छ । जो जसबाट जे आश गर्नुभएको छ ती पूरा हुनेछन् ।

७. तुलाः(Libra)(रा. री. रु. रे. रो. ता. ती. तु. ते)
स्वास्थ्य ठीकठाक रहे तापनि आँटेका कामहरुमा असफलता, सोचेजतिका सबै कामहरुमा विघ्नबाधा पर्ने, पारिवारिक विवाद बढ्ने, व्यापार व्यवसायमा मन्दी, शारीरिक चोटपटकको भय, जताबाट पनि आर्थिक नोक्सान मात्रै पर्ने देखिएकोले सावधान रहनु पर्नेछ भने हप्ताको अन्तिमतिर भने स्वास्थ्य र व्यापारमा केही सुधार हुन सक्नेछ ।

८. वृश्चिकः(Scorpio) (तो. ना. नि. नू. ने. नो. या. यि. यू.)
तपाईंका लागि यो हप्ता एक्कासी रोग लाग्ने, खाना नपच्ने, कुनै व्यक्तिसँग झगडा पर्ने, जताबाट पनि नोक्सान मात्रै पर्नेछ । गरेको कामबाट जस नपाइने, मानसिक चिन्ता बढ्ने काम अरुबाट हुनेछ, आफन्तले नै आफ्नो बारेमा कुरा काट्नेछन् भने हप्ताको अन्तिमतिर केही सुधार हुने देखिन्छ ।

९. धनुः(Sagittarius)(ये. यो. भा. भी. भू. ध. फ. ढ. भे.)
तपाईंको यो हप्तामा स्वास्थ्य राम्रो रहनेछ । धन प्राप्तिका अवसरहरु मिल्ने, मानसिक शान्ति र आराम मिल्ने, पारिवारिक सहयोग पाइने, सबै काम सुखैका साथ सम्पन्न गरिनेछ । लाभका स्रोतहरु फेला पर्ने, स्वास्थ्य राम्रो, धन प्राप्ति, यश, कीर्ति बढ्ने कार्यमा लगानी गरिने, घरमा नयाँ कार्यक्रम हुने, शत्रुसँगको विवादमा आफ्नो जीत हुनेछ

१०. मकरः(Capricorn)(भो. ज. जी. खि. खु. खे. खो. ग. गी.)
तपाईंलाई यो हप्ता जुनसुकै काममा बिघ्नबाधा रहेका छन् । सकेसम्म विवादमा नपरिकन समस्या सुल्झाउनेतर्फ लाग्नुहोला । मनमा अशान्ति, यात्रामा बिघ्नबाधा, वायुरोग लाग्ने, खानामा गडबढी, कुनै अप्रिय समाचारपनि सुन्नुपर्ला जस्तो छ । आफूपनि बोलीवचनमा सतर्क रहनुहोला । अरुको कटुवचनलाई पनि सुन्ने सहनु नै महानता हुनेछ ।

११. कुम्भः(Aquarius)(गु. गे. गो. सा. सी. सु. से. सो. द.)
यो हप्तामा पनि तपाईंको अनावश्यक कार्यमा खर्च गर्न मन लाग्ने, निरासका भावना मनमा उठ्नेछन् । आम्दानी पनि भने जस्तो नहुँदा त्यति प्रशन्नता रहनेछैन । आफूलाई सहयोग गर्ने व्यक्तिको सल्लाह सुझाव अनुसार चलेमा वा कार्य गरेमा राम्रो प्रगति गर्न सकिनेछ भने हप्ताको अन्तिमतिरको समय सुधार भएर आउनेछ ।

१२. मीनः(Pisces)(दी. दू. थ. झ. ञ. दे. दो. चा. ची.)
यो हप्तामा पनि तपाईंको स्वास्थ्य ठीक-ठाक रहनेछ । गर्न खोजेका केही काम सफल र केही अधुरा रहनेछन् । समय मध्यम शुभ रहेको छ । लाभ, हानी, आफ्ना आम्दानी हेरी चल्नुहोला । व्यर्थैको काममा फसाउन खोज्ने छन् । चनाखो भएर कार्य सम्पादनतिर लाग्नु उपयुक्त हुनेछ । शनिबार यात्रामा निस्कनु पनि राम्रो हुँदैन ।

प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट 'ज्योतिष भविष्यवाणी' साप्ताहिक, धौलागिरि एफ.एम.९८.६ बागलुङबाट कार्यक्रम 'ज्योतिष जागरण' प्रत्येक सोमबार बेलुकी ५ देखि ६ बजे सुन्दै गर्नुहोला । कार्यक्रम सञ्चालक : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी, जिज्ञासा टिपोटका लागि ९८५६०२०९१४, ९८५६०३०९१४, ९७२६१५३६८४, ०६१-५४०३४७

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914
प्रमुख व्यवस्थापक-ज्यो.सुश्री सीता रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियसन, प्रबन्ध निर्देशक- रामनाथ अधिकारी 'संगी'(९८४८४२१३१३), व्यवस्थापक-सुनिता रेग्मी,ज्यो.सन्तोष रेग्मी, ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, ज्यो.आनन्द रेग्मी, कम्प्युटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट-४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ, E-mail: jbweekly@fewanet.com.np,
website: www.jbweekly.com, www.Facebook.com/ jbweekly, Twitter @Jbweekly, मुद्रक-बन्धु अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन ०६१-५३२३४४ web hosting : pokharacity.com